देवानगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवानगञ्ज, सुनसरी

१ नं. प्रदेश, नेपाल

# नीति तथा कार्यक्रम

आ.व. २०७६/०७७

गाउँसभाबाट स्वीकृत मिति २०७६/०३/१८

आदरणीय यस गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा गाउँसभाका सम्पूर्ण पदाधिकारीहरु, गाउँपालिकामा कार्यरत कर्मचारीहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु देवानगञ्ज गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकास लगायत सर्वाङ्गिण विकासको लागि नेपालको संविधान, २०७२, पन्ध्रौं त्रिवर्षीय योजना, स्थानीय तह सेवा सञ्चालन ऐन, २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ लगायत नेपाल सरकारबाट जारी भएका विभिन्न ऐन नियम, निर्देशिका र नीति अङ्गिकार गरी सुहाउँदो देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ ।

## देवानगञ्ज गाउँपालिकाको आ.व. २०७६/०७७ को नीतिहरु

### १. आर्थिक विकास

#### क) कृषि तथा पशु

- वैज्ञानिक रुपमा भूमिको वर्गीकरण गरी उपलब्ध जमिनको अधिकतम उपयोग गर्नका लागि भू उपयोग नीति बनाई कार्यान्वयन गरिनेछ ।
- कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रुपमा विकास गरी युवा जनशक्तिलाई व्यवसायिक कृषितर्फ आकर्षण गरिनेछ ।
- कृषिमा महिलाको बढ्दो भूमिकालाई प्रभावकारी बनाउन महिला कृषक लक्षित विशेष कार्यक्रम लागू गरिनेछ ।
- भूमिगत तथा सतह सिंचाई र वर्षाको पानी संकलन तथा सिंचाईका उपयुक्त प्रविधिहरुको प्रयोग गर्दै वर्षैभरि सिंचाई सुविधा उपलब्ध गराउने प्रक्रिया अगाडि बढाइनेछ ।
- दुध तथा मासुको उत्पादन र गुणस्तर सुधार गर्न पशु नश्ल सुधार अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।
- देवानगञ्ज गाउँपालिकालाई कृषि पकेटक्षेत्रको रुपमा विकास गरिनेछ ।
- कृषियोग्य जमीनहरुको माटो परीक्षण गरी माटो सुहाउँदो बाली लगाउन कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- कृषि क्षेत्रको व्यवसायीकरण, गुणस्तर परीक्षण, अनुगमन र नियमनको क्षेत्रमा उपयुक्त प्रविधिको उपयोग गर्न सक्ने कृषक, युवा, उद्यमी, प्राविधिक तथा विज्ञहरुको क्षमता विकास गर्दै लगिनेछ ।
- **आत्मनिर्भर उत्पादन: समृद्ध तथा सुखी देवानगञ्ज** भन्ने नारालाई आत्मसाथ गर्दै देवानगञ्ज गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाई अन्य स्थानीय तहको कृषिजन्य उत्पादनको मागलाई समेत आपूर्ति गर्न सक्ने गरी कृषिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अखाद्य वस्तुको उत्पादन तथा बजारीकरणलाई निरुत्साहित गर्न नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- जीवनाशक विषादी, भेटेरिनरी औषधी, एन्टिबायोटिक, हर्मोनको सही उपयोग गर्न र यसका नकारात्मक असरबाट बच्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- दीर्घकालीन विषादीमुक्त कृषि उत्पादन वृद्धि गर्ने र प्राङ्गारिक किटनाशक विषादी उत्पादन गर्नेतर्फ कृषकहरुको बीचमा विशेष अभियानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- देवानगञ्ज गाउँपालिकाभित्रका जनताहरुको खाद्य सुरक्षा तथा नागरिकहरुको पोषण सुरक्षाको प्रत्याभूति गर्नका लागि आवश्यक कार्यक्रमहरु लागू गरिनेछ ।
- कृषकलाई कृषि सूचनाको जानकारी सर्वसुलभ बनाउन मोबाइल एप्स लगायतका सूचना प्रविधिको विकास र प्रयोगमा जोड दिइनेछ ।
- कृषिजन्य बजारलाई व्यवस्थित र थप पहिचान गरी विस्तार गरिनेछ ।
- कृषि उत्पादनको उचित भण्डारण गर्नको शीत भण्डारण निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

प्रसाद मेहता
अध्यक्ष

### ख). पर्यटन

- दिगो आर्थिक विकासको संवाहकको रुपमा पर्यटन क्षेत्रलाई प्राथमिकताको साथ विकास गरिनेछ ।
- परम्परागत कला तथा संस्कृतिको संरक्षणमा विशेष ध्यान दिइनेछ ।
- पर्यटकीय सेवा सुविधा बिकास र विस्तारका लागि सहकारी तथा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ ।
- पर्यटकीय स्थलको र उपजको विविधीकरण र विस्तार गरी ग्रामीण पर्यटनमार्फत् थप रोजगारीका अवसरहरुको सिर्जना गरिनेछ ।
- धार्मिक आस्था र परम्पराको धरोहरको रुपमा रहेका मठ मन्दिर, मस्जिदहरुको संरक्षण र सम्वर्द्धन गर्दै देवानगञ्ज गाउँपालिकालाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- पर्यटन विकासको प्रचुर सम्भावना बोकेको देवानगञ्ज गाउँपालिका वडा नं.६ मा अवस्थित २ विघाको चमैनिया पोखरीको विकास र प्रर्वद्धन गरिनेछ ।
- कला साहित्य तथा पत्रकारिताको माध्यमबाट पर्यटन क्षेत्रको प्रचार प्रसार तथा विकास गर्न साहित्य तथा पत्रकारिता क्षेत्रको संघसंस्थाहरुसँग समन्वयमा थप जोड दिइनेछ ।

### ग) उद्योग, वाणिज्य तथा आपूर्ति

- परम्परागत सीप तथा स्थानीय स्रोत साधनमा आधारित घरेलु तथा साना उद्योगलाई संरक्षण सम्वर्द्धन गर्दै आधुनिकीकरणमा जोड दिइनेछ ।
- घरेलु तथा साना उद्योगको विकासको लागि बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गर्ने नीति लिइनेछ ।
- औद्योगिक विकासका लागि निरन्तर विद्युत आपूर्ति र औद्योगिक सुरक्षाको व्यवस्था मिलाइनेछ ।
- पिछडिएका गरिब समूहमा उद्यमशीलता सिर्जना गरी लाभमूलक स्वरोजगारी सिर्जना गर्न जोड दिइनेछ ।
- उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गरिनेछ ।
- वाणिज्य क्षेत्रको विकासमा सरकारी, सहकारी तथा निजी क्षेत्रको सहभागितालाई प्रवर्द्धन गरिनेछ ।
- निर्यातजन्य वस्तुहरुको पहिचान, विकास तथा उत्पादन अभिवृद्धि गरी अन्य स्थानीय तहहरु एवम् छिमेकी मुलुक भारतमा बजार प्रवर्द्धन गरिनेछ ।
- कालाबजारी गर्ने, कृत्रिम अभाव सिर्जना गरी उपभोक्ता आतङ्कित गर्ने, प्रतिस्पर्धा नियन्त्रण गरी एकाधिकार कायम गर्ने कार्यको अन्त्य गरी व्यवसायिक क्षेत्रमा व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गरिनेछ ।
- बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

## २. सामाजिक विकास

### क) शिक्षा

- विद्यालयमा जातजाति, भाषा, लिङ्ग, धर्म, एच.आइ.भी. सङ्क्रमित लगायत कुनै पनि आधारमा गरिने विभेदलाई पूर्णतः निषेध गरिनेछ ।
- बाल विकास केन्द्रहरुलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गरी बाल विकास केन्द्र मार्फत् कक्षा १ मा भर्ना हुने दरमा वृद्धि गरिनेछ ।
- विद्यालय जाने उमेरका बालबालिकाको शतप्रतिशत भर्नादर कायम गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

लाली प्रसाद मेहता
अध्यक्ष

- नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा भौतिक सुविधा विस्तार कार्यक्रमलाई आवश्यकता र सूचकाङ्कको आधारमा व्यवस्थित गरिनेछ ।
- जीवनोपयोगी सीपमूलक शिक्षा र प्रविधियुक्त शिक्षामा जोड दिई दक्ष जनशक्तिको विकास गरिनेछ ।
- शिक्षासँग सम्बन्धित कार्य गर्ने गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरी यस गाउँपालिकाको शैक्षिक विकासमा एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धीसँग जोड्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।
- प्रत्येक वडामा सूचना तथा सञ्चारलाई प्रभावकारी बनाउन तथा नागरिकहरुको चेतना बढाउन एक वडा एक पुस्तकालय खोल्न प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
- अमरसिंह मा.वि., देवानगञ्ज-५ लाई यस सुनसरी जिल्लाकै नमूना विद्यालयको रुपमा विकास गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- साक्षरता र साक्षरोत्तर कार्यक्रम मार्फत् कम्तीमा ६० वर्षमुनिका सबैलाई साक्षर बनाइनेछ ।
- मातृभाषाका पाठ्यसामाग्री तथा शिक्षकहरुको विकास गरी मागबमोजिम बहुभाषीय शिक्षाका अवसरहरुमा विस्तार गरिनेछ ।
- शैक्षिक क्षेत्रलाई राजनैतिक हस्तक्षेपमुक्त गराइनेछ । विद्यालयहरुलाई शान्ति क्षेत्र बनाइनेछ ।
- सूचना प्रविधिमैत्री अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ । आगामी ३ (तीन) वर्षभित्रमा सबै सामुदायिक माध्यमिक तथा आधारभूत विद्यालयहरुमा इन्टरनेट सेवा पुऱ्याइनेछ ।

**ख) स्वास्थ्य**

- नेपालको संविधान, २०७२ ले प्रत्याभूति गरे बमोजिम स्वास्थ्य सेवामा सहज, सुलभ र समान पहुँचको सुनिश्चितता प्रदान गरिनेछ ।
- स्वास्थ्य सेवाको पहुँचबाट बाहिर रहेका महिला, बालबालिका, विपन्न, दलित, सीमान्तकृत र पिछडिएका जातजातिहरुलाई लक्षित गरी सम्बन्धित संघसंस्थाहरुको समन्वय र सहयोगमा एकीकृत घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरी आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।
- यस देवानगञ्ज गाउँपालिकामा कम्तीमा एउटा बर्थिङ सेन्टरको स्थापना गरी त्यसलाई सुदृढ र प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य चौकीमा नि:शुल्क पाइने औषधीको संख्या क्रमश: वृद्धि गर्नुका साथै वितरण प्रणालीलाई सुदृढ गरिनेछ ।
- स्वास्थ्य क्षेत्रका जनशक्ति र महिला स्वास्थ्य स्वयम्सेविकाको क्षमता विकास र स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको स्तर अभिवृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।
- **"स्वस्थ्य जनता देवानगञ्ज गाउँपालिकाका अमूल्य निधि"** भन्ने मान्यतालाई आत्मसाथ गर्दै अत्यावश्यक औषधीको निरन्तर उपलब्धताको व्यवस्था मिलाइनेछ ।
- स्वस्थ शरीर, सकारात्मक सोच र व्यक्तित्व विकास गर्नका लागि ध्यान र योग जस्ता कार्यक्रममा जोड दिइनेछ ।
- स्वास्थ्यका नयाँ बन्ने संरचना अपाङ्ग र किशोरीमैत्री बनाइने र भइरहेका संरचनाहरु क्रमिक रुपमा सुधार गरिनेछ ।
- प्रतिरोधात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र पुन:स्थापनामूलक सेवाहरुलाई प्राथमिक स्वास्थ्य सेवाको रुपमा सञ्चालन गरिनेछ ।
- पूर्ण खोप घोषणा तथा निरन्तरताको लागि थप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- खोप केन्द्र तथा गाउँघर क्लिनिकलाई आवश्यकता अनुसार विकास र विस्तार गर्दै लगिनेछ ।

गोली प्रसाद मेहता
अध्यक्ष

- **"रक्तदान जीवन दान"** भन्ने नारालाई साकार पार्न रक्तदान कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- समुदायमा आधारित स्वास्थ्य बीमा कार्यक्रम यस गाउँपालिकाका सबै वडामा पुऱ्याउने व्यवस्था मिलाइने नीति अवम्बलन गरिनेछ ।
- सूर्तीजन्य पदार्थमा नियन्त्रण गर्नुका साथै मदिरा उत्पादन र विक्री वितरणलाई प्रभावकारी रुपमा नियमन गरिनेछ ।

**ग) खानेपानी तथा सरसफाई**

- स्वच्छ एवम् गुणस्तरीय खानेपानीको आपूर्तिलाई व्यवस्थित गर्न पुराना खानेपानी योजनाहरुको दिगो संरक्षण, मुहानको खोजी गरी सो को संरक्षण, सार्वजनिक स्थानमा ट्युववेल, धारा जडान गरी पर्याप्त खानेपानीको आपूर्तिको व्यवस्था मिलाइनेछ ।
- खानेपानीको सही प्रयोग तथा सरसफाईसम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई जोड दिइनेछ ।
- संघीय सरकारको **तराई मधेश खानेपानी सुधार कार्यक्रम** अन्तर्गत यस गाउँपालिकामा खानेपानी आयोजना निर्माणका लागि पहल गरिनेछ ।
- गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त तुल्याउने कार्यक्रम सञ्चालन गरी सरसफाईमा नमूना गाउँपालिकाको रुपमा स्थापित गरिनेछ ।
- **आफ्नो ठाउँ आफै सफा गरौं** अभियानका लागि निजी क्षेत्रसँग समेत सहकार्य गरिनेछ ।
- फोहोरमैलाको उचित व्यवस्थापनको लागि फोहोर फाल्ने क्षेत्रको पहिचान गरिनेछ ।
- बजार क्षेत्रभित्र फोहोर तथा अव्यवस्थित कार्य गर्ने जो कोहीलाई दण्ड तथा जरिवानाको दायिराभित्र ल्याइनेछ ।
- गाउँपालिकाभरिका सबै बजार क्षेत्रमा सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।
- खुला दिशामुक्त अभियानलाई अझै विस्तार गरी खुला दिशामुक्त घोषणापश्चात्का पूर्ण सरसफाइ कार्यक्रम सघनीकरण गरिनेछ ।
- खानेपानी तथा सरसफाइ निर्माण र उपयोगमा वातावरणमैत्री एवम् जलवायु परिवर्तन अनुकूलन हुने व्यवस्थालाई प्रोत्साहन गरिनेछ ।

**घ) सामाजिक न्याय, सुरक्षा, सद्भाव, संस्कृति र एकता**

- समाजमा विद्यमान कुरीतिको रुपमा रहेको अन्धविश्वास र सामाजिक सद्भावमा विचलन ल्याउने सबै प्रकारका व्यवहारहरुलाई निरुत्साहित गरिनेछ । सामाजिक छुवाछुत र भेदभावलाई पूर्ण रुपमा निर्मूल गरिनेछ ।
- सामाजिक विभेद, छुवाछुत घरेलु हिंसा, दाइजो, तिलक प्रथा, बोक्सी प्रथा जस्ता कुसंस्कार र अमानवीय क्रियाकलापहरु विरुद्ध सामाजिक सचेतना अभियान चलाइनेछ।
- बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुआयामिक विशेषताको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा जोड दिइनेछ । स्वच्छता, पारदर्शिता र राष्ट्रिय हित तथा एकताका आदर्शलाई प्रवर्द्धन गरिनेछ ।
- फरक क्षमता भएका नागरिकहरुलाई उनीहरुको शारीरिक क्षमता र बौद्धिक क्षमताका आधारमा आत्मनिर्भर बन्न सक्ने सीप र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- आपसी कलह, झैझगडा तथा द्वन्द्व न्यायिक समिति मार्फत् समाधान गरिनेछ ।
- राज्यका विभिन्न अङ्गहरुसँग समन्वय गरी शान्ति सुव्यवस्था कायम गरिनेछ ।
- देवानगञ्ज गाउँपालिका अन्तर्गत इलाका प्रहरी, अस्थायी प्रहरी चौकी, सीमा सुरक्षा बल लगायत सुरक्षा निकायहरुलाई समयसापेक्ष सुदृढीकरण गरिनेछ ।

प्रसाद मेहता
अध्यक्ष

**ङ) लैङ्गिक समानता तथा महिला सशक्तिकरण**

- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, विभेद र वहिष्करणको अन्त्य गरिनेछ ।
- महिलाहरुको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ ।
- विपन्न, पिछडिएका तथा एकल महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँपालिका तथा अन्य संघसंस्थाहरुबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा महिलाहरुको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।
- महिलाहरुको सीप विकास तथा क्षमता अभिवृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ ।
- लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने कार्यलाई निरुत्साहित गरिनेछ ।

**च) अपाङ्गता**

- अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास एवम् उनीहरुको सामाजिक सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउँदै लैजाने नीति लिइनेछ ।
- अपाङ्गताको प्रकृति हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारी अवसरहरुमा पहुँच विस्तार र स्वरोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सहज सेवा सुविधा पुऱ्याउन अपाङ्ग मैत्री भौतिक संरचना बनाउने र भइरहेका संरचनाहरुको सुधार गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण र सचेतनामूलक कार्यहरु सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक र मानसिक विकासका लागि खेलकूद तथा मनोरञ्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**छ) बालबालिका तथा किशोरकिशोरी**

- आफ्नो धारणा बनाउन सक्षम बालबालिका तथा किशोरकिशोरीहरुलाई निजसँग सम्बद्ध सबै विषयहरुमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई विकास र सामुदायिक तहको निर्णय प्रक्रियामा बाल सहभागिता अभिवृद्धि गरिनेछ ।
- सबै किसिमका बाल अधिकारहरु र आधारभूत स्वतन्त्रताको पूर्ण उपभोगको प्रत्याभूतिका लागि कानुनी एवम् संस्थागत व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।
- बालबालिका तथा किशोरकिशोरी उपर हुने सबै प्रकारका हिंसा र दुर्व्यवहारहरुलाई उन्मूलन गर्ने नीति लिइनेछ ।
- बालबालिकाहरुको जन्मदर्तालाई अनिवार्य गरी प्रारम्भिक बालविकास प्रक्रियालाई व्यवस्थित गरिनेछ ।
- बालबालिकाको शारीरिक, मानसिक एवम् व्यक्तित्व विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासनको अवधारणालाई संस्थागत एवम् विस्तार गर्ने नीति लिइनेछ ।
- बाल क्लब, सञ्जाल सञ्चालन र परिचालनका लागि सहयोग पुऱ्याइनेछ ।
- यस देवानगञ्ज गाउँपालिकालाई बाल बिवाहमुक्त गाउँपालिकाको रुपमा विकास गर्न पहल गरिनेछ ।

**ज) युवा तथा खेलकूद**

- दुर्व्यसन एवम् कुलत जस्ता असामाजिक क्रियाकलापबाट युवाहरुलाई मुक्त गर्न सम्बन्धित क्षेत्रगत निकायहरु र गैरसरकारी संस्थाहरुसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

लाली प्रसाद मेहता
अध्यक्ष

- युवाहरुलाई रोजगारी, स्वरोजगारी सिर्जना एवम् उद्यमशीलता वृद्धि गर्न लक्षित तालिम तथा प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, जातीय विभेद, लैङ्गिक हिंसा तथा अमानवीय कार्यहरुको अन्त्यका लागि युवा परिचालन गर्न सम्बन्धित क्षेत्रगत निकायहरु, गैरसरकारी संस्थाहरुसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विकास कार्यक्रम, मानवीय सेवा, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा युवाशक्तिलाई परिचालन गरिनेछ ।
- सबैका लागि खेलकूदको अवधारणाअनुरुप खेलकूद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- खेलकूद सम्बन्धी पूर्वाधार निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।
- पर्यटकीय तथा परम्परागत खेलकूद प्रतियोगिताहरुलाई प्रोत्साहन गरिनेछ ।
- खेलकूदका हरेक क्षेत्र र स्तरमा महिला सहभागिता बढाउन प्रोत्साहन गरिनेछ ।

**झ) जेष्ठ नागरिक**

- जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवम् सामाजिक सुरक्षामा विशेष जोड दिने नीति लिइनेछ ।
- जेष्ठ नागरिकलाई उपलब्ध गराइने भत्ता रकम बैंकिङ्ग प्रणालीमार्फत् भुक्तानी गर्दै जाने व्यवस्था मिलाइनेछ ।
- जेष्ठ नागरिकहरुको लागि राज्यबाट प्रदान गर्ने यातायात, स्वास्थ्यजस्ता सेवा सुविधामा अग्राधिकार दिने र यस्तो अग्राधिकारको सुविधा उपलब्ध गराउन निजी क्षेत्रलाई पनि प्रोत्साहित र निर्देशित गरिनेछ ।
- गैरसरकारी संस्थाहरुलाई जेष्ठ नागरिकको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक प्रयोगका साधन र भौतिक संरचनाहरुलाई क्रमशः जेष्ठ नागरिक मैत्री बनाइनेछ ।
- जेष्ठ नागरिकका ज्ञान, सीप, सल्लाह, सुझाव र अनुभवलाई सम्पत्तिको रुपमा लिइनेछ ।
- जेष्ठ नागरिकहरुलाई स्वस्थ्य जीवनका लागि स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

**ञ) गरिबी निवारण तथा बेरोजगार**

- बेरोजगार तथा अर्द्धबेरोजगार युवाहरुलाई लक्षित गरी क्षमता विकास, आयआर्जन तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गरिबी घटाउन प्राकृतिक स्रोत साधनको सन्तुलित व्यवस्थापन तथा उपयोगमा जोड दिइनेछ ।
- गरिबी निवारण तथा सामुदायिक विकासमा संलग्न गैरसरकारी संस्थासँग प्रभावकारी समन्वय गरिनेछ ।
- विकास आयोजना सञ्चालन गर्दा श्रममूलक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- गरिबहरुको संख्या एकीन गर्न संघीय सरकारले सञ्चालन गर्ने गरिब घरपरिवारको पहिचानको कार्य गरिनेछ । यो परिचयपत्र धारकहरुलाई क्षमता अभिवृद्धि, पूँजीगत अनुदान तथा रोजगारीको दिइनेछ ।

माली प्रसाद मेहता
अध्यक्ष

## ३. पूर्वाधार विकास

### क) भौतिक पूर्वाधार

- DPR भएका बाटोहरुलाई प्राथमिकतामा राखी कालोपत्रे सडक निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिकाका सडकहरुको नियमित सञ्चालन र मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको परिचालनलाई अनिवार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार एवम् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।
- विभिन्न सडकहरुको सडक अधिकार क्षेत्रभित्र अतिक्रमण गर्ने प्रवृत्तिलाई निरुत्साहित तथा कार्वाही गरिनेछ ।
- सडक निर्माण गर्दा संरचना निर्माण, स्तरोन्नति र ट्र्याक खोल्ने कामका सन्तुलन मिलाइनेछ ।
- बाढीका कारण क्षतिग्रस्त भएका सडक, कल्भर्ट, पुल आदिको पुन:निर्माणमा जोड दिइनेछ ।
- विकासका दृष्टिले पछाडि परेका वडाहरुलाई प्राथमिकता दिदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्दै लगिनेछ ।
- स्थानीय पूर्वाधार निर्माणका लागि न्यूनतम मापदण्ड निर्धारण गरी सो को पालना गर्ने व्यवस्था गरिनेछ ।
- निर्माणमा प्रयोग हुने सामाग्री, निर्माण गरिने समय र त्यसमा संलग्न हुने जनशक्तिको गुणस्तर सुनिश्चित गरी पूर्वाधार निर्माणको समग्र गुणस्तर पक्षमा सुधार गरिनेछ ।
- सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरण मैत्री भौतिक पूर्वाधारको निर्माण गरिनेछ ।

### ख) उर्जा तथा विद्युतीकरण

- सबै जनतालाई विद्युत सेवामा पहुँच पुऱ्याई विद्युत सेवा सहज रुपमा उपलब्ध गराउन ग्रामीण विद्युतीकरण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- घरायसी उर्जाको रुपमा दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्याँस तथा सुधारिएको चुलो, ग्यासीफायर, बायोब्रिकेट जस्ता किफायती जैविक उर्जा प्रविधिहरुको प्रवर्द्धन एवम् विस्तार गरिनेछ ।
- बजार क्षेत्र तथा आवश्यक ठाउँमा पोलबत्ती तथा सोलार बत्ती जडान तथा विस्तारलाई प्राथमिकता दिइनेछ ।
- विभिन्न क्षेत्रबाट उत्पादन हुने फोहोरको समुचित व्यवस्थापनबाट उर्जा उत्पादन गर्नका लागि आवश्यक प्रविधि र प्रणालीहरुको प्रवर्द्धन र विस्तार गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

### क) वन, वातावरण तथा जलवायु परिवर्तन

- वन पैदावर तथा सम्पदामा आधारित उद्योग व्यवसायको विकास तथा विस्तारका लागि सार्वजनिक-सामुदायिक-निजी-सहकारी क्षेत्रको साझेदारीका माध्यमबाट लगानी प्रवर्द्धन गरिनेछ ।
- वन अतिक्रमण, अवैध कटानी, चोरी शिकार तथा वन डढेलोलाई नियन्त्रण गर्न सहभागितामूलक र समन्वयात्मक संयन्त्र निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- दुर्लभ तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तुको संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय जडिबुटिको पहिचान, संरक्षण र व्यवस्थापनका माध्यमबाट आर्थिक रुपमा आत्मनिर्भरतातर्फ उन्मुख गराइनेछ ।

प्रसाद

लाली प्रसाद मेहता
अध्यक्ष

- दिगो तथा वैज्ञानिक वन व्यवस्थापनको रणनीतिक खाका तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- देवानगञ्ज गाउँपालिकाका मुख्य सडकहरुमा हरित सडक पेटीको रुपमा विकास गर्दै लगिनेछ ।
- प्रत्येक वडामा वन नर्सरी स्थापना गरी वडाहरुको सार्वजनिक, ऐलानी, पर्ती जग्गामा वृक्षारोपण गरी वन क्षेत्रको विकास तथा विस्तार गरिनेछ ।
- वृहत् जलाधार व्यवस्थापन अवधारणा अनुरुप जलाधारहरुको व्यवस्थापन गरिनेछ ।
- भू-क्षय नियन्त्रण र नदी मुहान तथा किनाराको संरक्षण गरिनेछ ।
- वातावरण मैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोड दिइनेछ ।
- जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

**ख) विपद् व्यवस्थापन**

- प्रत्येक वडामा वडाअध्यक्षको संयोजकत्वमा वडास्तरीय विपद् व्यवस्थापन समिति र गाउँपालिका अध्यक्षको संयोजकत्वमा एउटा गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिनेछ ।
- गाउँपालिका स्तरीय एक विपद् व्यवस्थापन कोष गठन गरिनेछ ।
- विपद्सम्बन्धी तथ्य, तथ्याङ्कहरुलाई व्यवस्थित गर्न एकीकृत सूचना केन्द्रको विकास गर्दै योजना, कार्यान्वयन तथा अनुगमनसम्मका सबै चक्रहरुमा विपद्का कारण हुन सक्ने क्षतिको भौतिक तथा आर्थिक मूल्य समेतको विश्लेषण गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ ।
- प्रकोप व्यवस्थापनलाई किफायती बनाउन जैविक तथा स्थानीय ज्ञान/प्रविधिको समेत उपयोग गरिनेछ ।
- विपद् व्यवस्थापनको कार्यमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुबीच समन्वय र सहकार्यलाई प्राथमिकतामा राख्ने नीति अवलम्बन गरिनेछ ।
- विपद् व्यवस्थापन न्यूनीकरणको विषयमा व्यापक जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- जुनसुकै पूर्वाधार निर्माणका आयोजना सञ्चालन हुनुपूर्व त्यसबाट हुने प्रकोप जोखिम मूल्याङ्कन गरी जोखिम न्यूनीकरणका उपाय अनिवार्य रुपमा अवलम्बन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।
- विपद्सँग जुझ्नका लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास

**क) वित्तीय सुशासन**

- नीति, बजेट र कार्यक्रमको अन्तरसम्बन्ध स्थापित गर्दै वस्तुगत मापदण्डका आधारमा स्रोत प्रक्षेपण प्रभावकारी बनाइनेछ ।
- आर्थिक अनुशासन कायम गर्ने सन्दर्भमा बाँकी बक्यौता, पेश्की, बेरुजुको लगत अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्र्यौट गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- लेखाङ्कन प्रणालीलाई विद्युतीय माध्यमबाट सञ्चालन गर्ने प्रणालीको स्थापना संस्थागत गरिनेछ ।
- बजेट, कार्यक्रम र खरिद योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी बनाइनेछ ।

लाली प्रसाद मेहता
अध्यक्ष

- नागरिक पारदर्शिताका लागि रु. पाँच लाख भन्दा बढीका आयोजनाहरुको सम्पन्न पश्चात् योजना सम्बन्धी विवरण अनिवार्य रुपमा होर्डिङ बोर्ड राख्नुपर्ने नीति लिइनेछ।

**ख) संगठन तथा प्रशासन**

- देवानगञ्ज गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुको संगठन संरचना नेपाल सरकारबाट जारी भए अनुरुप लागू हुनेछ।
- देवानगञ्ज गाउँपालिकाको कार्यालयमा विभिन्न शाखा उपशाखाहरु आवश्यकता र औचित्यको आधारमा खोलिनेछ।
- कार्यालयभित्र हुनसक्ने अनियमितता तथा भ्रष्टाचारलाई रोक्न शुन्य सहनशिलताको नीतिलाई निरन्तरता दिइनेछ।
- कर्मचारीहरुको मनोबल उच्च बनाई नतिजामुखी कार्यको लागि प्रोत्साहन स्वरुप स्थानीय भत्ताको व्यवस्थालाई कायमै गरिनेछ।
- कर्मचारीहरुलाई काम प्रति बढी जिम्मेवार बनाउनका लागि उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत तथा सम्मान गरिनेछ।
- गाउँपालिकामा जडान गरिएको CCTV र वडा कार्यालयहरु समेतमा जडान गरिएको Digital हाजिरी प्रणालीलाई पारदर्शी र थप व्यवस्थित गरिनेछ। साथै CCTV प्रणाली वडा कार्यालय तथा विषयगत शाखाहरुमा समेत विस्तार गरिनेछ।
- सेवाग्राहीको अधिकार सम्बोधन गर्न क्षतिपूर्ति सहितको श्रव्य दृश्य प्रविधिमा आधारित नागरिक बडापत्र सरोकारवालाको परामर्श र सहभागितामा तयार गरिनेछ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि समय समयमा आवश्यक तालिम तथा प्रशिक्षण दिइनेछ।
- कार्यालयको आन्तरिक व्यवस्थापनलाई प्रभावकारी बनाउन कार्यालयमा व्यवस्थापन सूचना प्रणाली स्थापना गरिनेछ।

**ग) सूचना, सञ्चार तथा प्रविधि**

- सूचना प्रविधिको युगको रुपमा रहेको वर्तमान विश्व परिवेश अनुरुप गाउँपालिका र यसका वडाहरुको कार्यप्रणाली र अभिलेखहरुलाई कम्प्युटर पद्धतिमा रुपान्तरण गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त र छरितो गरिनेछ।
- गाउँपालिकाका सम्पूर्ण क्रियाकलापहरुलाई पत्रपत्रिका, सूचनापाटी, वेभसाइट तथा डिजिटल नोटिस बोर्ड मार्फत् सार्वजनिकीकरण गरिनेछ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अभिलेख Online System मार्फत् गरिनेछ।
- विद्युतीय शासन अवधारणाको प्रवर्द्धनमा जोड दिइनेछ।
- सेवाग्राहीहरुलाई परेको गुनासो तथा पीरमर्का सुनी त्यसको तत्काल समाधान गर्न गुनासो तथा पीरमर्का व्यवस्थापनको व्यवस्था गरिनेछ।
- गाउँपालिकालाई प्रविधिमैत्री बनाउँदै लैजानका लागि कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**घ) कर तथा राजस्व**

- गाउँपालिकाको आन्तरिक राजस्वलाई वृद्धि गर्न सम्भाव्य स्रोतहरुको पहिचान गरी राजस्वको वार्षिक प्रक्षेपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- गैरकर राजस्वका नयाँ क्षेत्रहरुको पहिचान, विद्यमान करका दरहरुको पुनरवलोकन र संशोधन गरी कर संकलन गर्दै लगिनेछ।
- एकीकृत सम्पत्ति कर यसै आ.व. देखि अनिवार्य रुपमा लागू गरिनेछ।
- गाउँपालिकाभित्र रहेका सबैलाई करको दायरामा ल्याई राजस्व वृद्धि गरिनेछ।
- देवानगञ्ज उद्योग वाणिज्य संघसँग समन्वय गरी व्यवसाय करको दर निर्धारण गरिनेछ।

लाली प्रसाद मेहता
अध्यक्ष